# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, कात्तिक ४ गते २०५० साल (अतिरिक्ताङ्क ४१(क

## भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५० सालको ऐन नं. २२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना :** सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी (दोस्रो संशोधन) ऐन, २०५०" रहेकोछ ।

(२) यो ऐन २०५० साल श्रावण १ गते देखि प्रारम्भ भएको मानिनेछ ।

२. सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ को दफा २ मा संशोधन : सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन् :-

"(क) "संविधान" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ सम्झनु पर्छ ।

(ख) "सर्वोच्च अदालत" भन्नाले संविधानको धारा ८६ बमोजिमको सर्वोच्च अदालत सम्झनु पर्छ ।"

३ मूल ऐनको दफा २क. मा संशोधन : मूल ऐनको दफा २क. मा रहेका "धारा ६९ को उपधारा (२क) को" भन्ने शब्दहरुको सट्टा "धारा ८७ को उपधारा (५) को" भन्ने शब्दहरु राखिएका छन् ।

४ मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को उपदफा (१) मा रहेका "रु. ८,०००।-" र "रु. ६,४००।-" भन्ने शब्दहरुको सट्टा क्रमश: "आठहजार सातसय रुपैयाँ" र " छहजार सातसय रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

५. मूल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएकोछ :-

"४. आवास सुविधा : (१) प्रधान न्यायाधीश र न्यायाधीशलाई आवासको निमित्त श्री ५ को सरकारबाट सरकारी घरको बन्दोबस्त हुनेछ । त्यस्तो घरको बन्दोबस्त नभएकोमा काठमाडौं उपत्यकामा आफ्नो उपयुक्त घर नहुने प्रधान


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४४४

न्यायाधीश र न्यायाधीशलाई आवास सुविधा बापत प्रति मास. क्रमश: चारहजार रुपैयाँ र तीनहजार पाँचसय रुपैयाँ दिइनेछ ।

(२) प्रधान न्यायाधीशलाई आवास सुविधा बापत रकम उपलब्ध गराइएकोमा निजलाई निजी सचिवालयको घर र गार्ड घर बन्दोबस्त गर्नको निमित्त प्रत्येकको लागि दुईहजार रुपैयाँका दरले प्रतिमास चारहजार रुपैयाँ उपलब्ध गराइनेछ ।

(३) उपदफा (१) बमोजिम श्री ५ को सरकारबाट बन्दोबस्त भएको आवासको मर्मत र सम्भार श्री ५ को सरकारबाट हुनेछ ।

(४) आफ्नो घरमा बस्ने प्रधान न्यायाधीश र न्यायाधीशलाई प्रतिमास क्रमश: दुईहजार रुपैयाँ र एकहजार पाँचसय रुपैयाँ घर मर्मत र सम्भार बापत दिइनेछ ।

(५) भाडाको घरमा बस्ने प्रधान न्यायाधीश र न्यायाधीशलाई वर्षको एक पटक निजहरुले खाईपाई आएको मासिक पारिश्रमिकको आधा रकम घर मर्मत र सम्भार बापत दिइनेछ ।

(६) यस दफा बमोजिम पाउने सुविधा प्रधान न्यायाधीश वा न्यायाधीशलाई निजको पदावधि समाप्त भएको मितिले सात दिनसम्म दिइनेछ ।"

६. मूल ऐनको दफा ४क. मा संशोधन : मूल ऐनको दफा ४क. को सट्टा देहायको दफा ४क. राखिएकोछ:-

"४क. बिजुली, धारा र टेलिफोन सुविधा : (१) प्रधान न्यायाधीशको आवासमा जडान गरिएको बिजुली, धारा र टेलिफोनको महसुल श्री ५ को सरकारले व्यहोर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) श्री ५ को सरकारको स्वामित्वमा रहने गरी न्यायाधीशको प्रयोगको लागि निजको आवासमा एउटा टेलिफोन जडान गर्न लाग्ने धरौटी र अन्य खर्च श्री ५ को सरकारले ब्यहोर्नेछ तथा बिजुली, धारा र टेलिफोन सुविधा बापत मासिक आठसय रुपैयाँ एकमुष्ट उपलब्ध गराइनेछ ।

(३) उपदफा (२) बमोजिमको सुविधा काठमाडौंमा आफ्नो घरमा बसोबास गर्ने न्यायाधीशले पनि पाउनेछ ।"

७. मूल ऐनको दफा ४ख. मा संशोधन : मूल ऐनको दफा ४ख. को सट्टा देहायको दफा ४ख. राखिएकोछ:-

"४ख. सवारी तथा इन्धन सुविधा : (१) प्रधान न्यायाधीशलाई मोटर एक, प्रतिमास दुईसय पचास लिटर पेट्रोल र त्रैमासिक दश लिटर मोबिल उपलब्ध गराइनेछ ।

(२) न्यायाधीशलाई ड्राइभर सहितको मोटर तथा प्रतिमास एकसय लिटर सवारी इन्धन र त्रैमासिक पाँच लिटर मोबिल उपलब्ध गराइनेछ ।

(३) आफ्नो निजी मोटर प्रयोग गर्ने न्यायाधीशलाई ड्राइभरको निमित्त श्री ५ को सरकारको हलुका सवारी चालकको तलबमानको शुरु अङ्क बराबरको रकम तथा मासिक एकसय लिटर सवारी इन्धन र त्रैमासिक पाँच लिटर मोबिल उपलब्ध गराइनेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको सुबिधा नलिने न्यायाधीशलाई परिवहन खर्च बापत प्रतिमास चारहजार रुपैयाँ दिइनेछ ।

(५) उपदफा (१) र (२) बमोजिम उपलब्ध गराइएको मोटरको मर्मत र सम्भार तथा ग्रिजको बन्दोबस्त केन्द्रीय सेवा विभागबाट हुनेछ ।

(६) सवारी इन्धन र मोबिलको बिल भौचर बुझाउनु पर्ने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) यस दफा बमोजिमको सुविधा प्रधान न्यायाधीश वा न्यायाधीशलाई निजको कार्यकाल समाप्त भएको मितिले सात दिन सम्म दिइनेछ ।"

८. मूल ऐनको दफा ५क. मा संशोधन : मूल ऐनको दफा ५क. मा रहेका "दुई लाख" भन्ने शब्दहरुको सट्टा "तीन लाख" भन्ने शब्दहरु राखिएका छन् ।

९. मूल ऐनको दफा ५ङ. मा संशोधन : मूल ऐनको दफा ५ङ. को उपदफा (३) मा रहेका "एकहजार नौसय" भन्ने शब्दहरुको सट्टा "तीन हजार" भन्ने शब्दहरु राखिएका छन् ।

१०. मूल ऐनमा दफा ५छ. थप : मूल ऐनको दफा ५च. पछि देहायको दफा ५छ. थपिएकोछ :-

"५छ. भइपरी आउने खर्च : प्रधान न्यायाधीश वा न्यायाधीशलाई अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार आदिमा भाग लिन जाँदा श्री ५ को सरकारले निर्णय गरे बमोजिम भइपरी आउने खर्च दिइनेछ । त्यसरी दिइएको भइपरी आउने खर्चको बिल भरपाई बुझाउनु पर्नेछ ।"

११. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ को,-

(१) उपदफा (१) को,-

(क) पहिलो प्रकरणमा रहेका "वा .उपदान" भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) खण्ड (क) मा रहेका "दश वर्ष" भन्ने शब्दहरुको सट्टा "सात वर्ष" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएकोछ:-

"(ख) प्रधान न्यायाधीश वा न्यायाधीश पदमा वा सो दुवै पदमा गरी सात वर्ष भन्दा बढी सेवा गर्ने प्रधान न्यायाधीश वा न्यायाधीशलाई त्यसरी बढी सेवा गरेको प्रत्येक वर्षको लागि निजले अवकाश लिदा खाईपाई आएको मासिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

286

पारिश्रमिकको दुई प्रतिशतका दरले हुन आउने रकम खण्ड (क) बमोजिम हुन आउने मासिक निवृत्तभरणको रकममा थप गरी निवृत्तभरण दिइनेछ ।

तर प्रधान न्यायाधीश वा न्यायाधीशले पाउने मासिक निवृत्तभरणको रकम निजले अवकाश लिंदा खाईपाई आएको मासिक पारिश्रमिकको असी प्रतिशत भन्दा बढी हुने छैन ।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) संवैधानिक पदमा वा पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा न्यायाधीश पदमा बहाल रहेको वा बहाल गरिसकेको वा क्षेत्रीय अदालतको मुख्य न्यायाधीश, न्यायाधीश वा अतिरिक्त न्यायाधीशको पदमा बहाल गरिसकेको वा श्री ५ को सरकारको सेवामा बहाल रहेको वा बहाल गरिसकेको व्यक्ति सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त भई सेवाबाट अवकाश पाएमा निजले त्यसरी अघि गरेको सेवा अवधि र सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीश वा सो दुवै पदमा काम गरेको सेवा अवधि गणना गर्दा बीस वर्ष वा सो भन्दा बढी सेवा अवधि पूरा गरेको रहेछ भने निजले उपदफा (१) को खण्ड (क) बमोजिमको मासिक निवृत्तभरण वा देहायको हिसाबले हुने मासिक निवृत्तभरण मध्ये कुनै एक रोज्न सक्नेछ :-

$$\frac{\text{जम्मा सेवा अवधि} \times \text{मासिक पारिश्रमिक}}{५०}$$"

(३) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएकोछ :-

"(२क) प्रधान न्यायाधीश वा न्यायाधीश वा सो दुवै पदमा गरी सात वर्षको सेवा अवधि पूरा नहुँदै अवकाश प्राप्त प्रधान न्यायाधीश वा न्यायाधीशले आफूले काम गरेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. मूल ऐनको दफा ७ मा संशोधन मूल ऐनको दफा ७ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएकोछ :-

"(३) उपदफा (१) बमोजिमको पारिवारिक निवृत्तभरण पाउने अवधि भुक्तान भइसकेपछि मृत प्रधान न्यायाधीश वा न्यायाधीशको विधवा पत्नी वा विधुर पतिले जीवनभर त्यस्तो निवृत्तभरणको आधा रकम लिन पाउनेछ ।

तर निवृत्तभरण पाइरहेको व्यक्तिले दोहोरो निवृत्तभरण पाउने छैन ।"

१३. मूल ऐनमा दफा ७क., ७ख., ७ग. र ७घ. थप : मूल ऐनको दफा ७ पछि देहायका दफा ७क., ७ख., ७ग. र ७घ. थपिएका छन् :-

"७क. अशक्त वृत्ति : (१) प्रधान न्यायाधीश वा न्यायाधीशको पदीय कामको सिलसिलामा दुर्घटनामा परी अङ्ग भङ्ग भएकोछ वा चोटपटक लागेकोछ र प्रधान न्यायाधीश वा न्यायाधीश आफ्नो पदको काम गर्नको लागि अशक्त भएकोछ भने त्यस्तो प्रधान न्यायाधीश वा न्यायाधीशले बाचुन्जेलसम्म उपदफा (२) मा लेखिए बमोजिमको निवृत्तभरणको अतिरिक्त उपदफा (५) मा लेखिए बमोजिमको असक्त वृत्ति समेत पाउनेछ ।

(२) उपदफा (१) बमोजिम अशक्त भएको प्रधान न्यायाधीश वा न्यायाधीशले दफा ६ बमोजिम निवृत्तभरण पाउन सक्ने सेवा अवधि पूरा गरेको भए सोही बमोजिम र पूरा नगरेको भए त्यस्तो अवधि पुऱ्याउन नपुग अवधिको निमित्त दामासाहीको हिसाबले कट्टी गरी बाँकी हुन आउने निवृत्तभरणको रकम पाउनेछ ।

तर त्यसरी कट्टी गर्दा निजले निवृत्तभरण पाउन सक्ने सेवा अवधि पूरा गरेमा पाउन सक्ने न्यूनतम निवृत्तभरणको तीन खण्डको एक खण्ड भन्दा बढी कट्टी गरिनेछैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) बमोजिम अशक्त भएको प्रधान न्यायाधीश वा न्यायाधीशलाई अवस्था हेरी आर्थिक सहायता बापत दशहजार रुपैयाँ सम्म एकमुष्ट रकम दिन सकिनेछ ।

(४) उपदफा (१) बमोजिम चोटपटक लाग्न गै उपचार गराउँदा लाग्ने उपचार खर्चको शतप्रतिशत रकम त्यस्तो प्रधान न्यायाधीश वा न्यायाधीशले पाउनेछ ।

(५) अशक्तता बापत उपदफा (२) बमोजिम पाउने निवृत्तभरणको अतिरिक्त पाउने थप मासिक अशक्त भत्ताको रकम निजले खाईपाई आएको पारिश्रमिकको बीस प्रतिशत बराबर हुनेछ ।

स्पष्टीकरण : अशक्त भत्ता पाउन थालेको प्रधान न्यायाधीश वा न्यायाधीशले आफ्नो कार्यभार सम्हाल्न सक्षम भएमा यो दफा बमोजिमको अशक्त भत्ता पाउने छैन ।

(६) अशक्त वृत्ति पाइरहेको प्रधान न्यायाधीश वा न्यायाधीशको मृत्यु त्यस्तो अशक्त वृत्ति पाउन थालेको मितिले सातवर्ष भित्र भएमा सो सातवर्ष पूरा हुन बाँकी अवधि बापत पाउने अशक्त वृत्ति उपदानको रुपमा एकमुष्ट रकम दफा ७ को उपदफा (१) मा तोकिएको व्यक्तिलाई दिइनेछ ।

७ख. अङ्ग भङ्ग भए बापत पाउने सुविधा : (१) प्रधान न्यायाधीश वा न्यायाधीश पदीय कामको सिलसिलामा चोटपटक लाग्न गई सेवाबाट अवकाश लिनु पर्ने नभए तापनि सो चोटपटकको कारणबाट निजको क्षमता बृद्धिलाई बाधा पर्ने भएमा त्यस्तो प्रधान न्यायाधीश वा न्यायाधीशलाई लागेको चोट पटकको अवस्थाको विचार गरी दशहजार रुपैयाँ सम्मको एकमुष्ट रकम आर्थिक सहायता दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको चोटपटकको उपचार गराउन आवश्यक पर्ने अवधिभरको निमित्त प्रधान न्यायाधीश वा न्यायाधीशले कुनै पनि सञ्चित बिदाबाट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बिदा कट्टा नहुने गरी पूरा तलब सहितको थप बिरामी बिदा पाउनेछ ।

(३) उपदफा (२) बमोजिम उपचार गराउँदा लागेको उपचार खर्चको शतप्रतिशत रकम त्यस्तो प्रधान न्यायाधीश वा न्यायाधीशले पाउनेछ । यसरी उपचार गर्दा भएको खर्च दफा ८क. बमोजिम निजले पाउन सक्ने उपचार खर्चबाट कट्टि हुने छैन ।

(४) प्रधान न्यायाधीश वा न्यायाधीशले जानाजान आफ्नै गम्भीर लापरवाहीको कारण चोटपटक लगाई अङ्ग भङ्ग भएकोमा यस ऐन बमोजिमको सुविधा पाउने छैन ।

७ग. असाधारण पारिवारिक निवृत्तभरण तथा उपदान: (१) प्रधान न्यायाधीश वा न्यायाधीशको पदीय कामको सिलसिलामा दुर्घटनामा परी तत्कालै मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा निजको विधवा पत्नी वा विधुर पतिलाई देहाय बमोजिमको छुट्टै आजीवन मासिक पारिवारिक वृत्ति र त्यसमा थप देहाय बमोजिमको पटके उपदान समेत दिइनेछ :-

| | पारिवारिक वृत्तिको मासिक दर | पटके उपदान |
|---|---|---|
| (क) प्रधान न्यायाधीश | चारसय पचास रुपैयाँ | दशहजार रुपैयाँ |
| (ख) न्यायाधीश | तीनसय पचास रुपैयाँ | आठहजार सातसय पचास रुपैयाँ |

(२) प्रधान न्यायाधीश वा न्यायाधीशको विधवा पत्नी वा विधुर पतिलाई देहायको अवस्थामा मात्र मान्यता दिइनेछ:-

(क) प्रधान न्यायाधीश वा न्यायाधीशको मृत्यु हुनु अघि निजसंग वैवाहिक सम्बन्ध भइसकेको हुनु पर्दछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

222

(ख) प्रधान न्यायाधीश वा न्यायाधीशको मृत्यु भएको समयमा निजसंग सगोलमा बसेको हुनु पर्दछ ।

(३) विधवा पत्नी नभएमा वा पतिको मृत्यु अघि निजबाट छुट्टीसकेको भएमा वा विधवा पत्नीको पुनर्विवाह भइसकेकोमा विधवा पत्नीबाट जन्मेको सन्तती वा धर्मपुत्रलाई उपदफा (१) मा तोकिएको पटके उपदान दामासाहीले एकमुष्ट दिन सकिनेछ ।

तर सोह्र वर्ष भन्दा कम उमेरका सन्तती वा धर्मपुत्र रहेछन् भने निजहरुको गुजाराको निमित्त श्री ५ को सरकारले मनासिब देखेको अवधिसम्मको लागि विधवा पत्नीले पाउने पारिवारिक वृत्तिको अङ्कको दुई तिहाईमा नबढ्ने गरी मनासिब ठहरिन आएको दरले पारिवारिक वृत्ति पनि प्रदान गर्न सक्नेछ ।

(४) मृत प्रधान न्यायाधीश वा न्यायाधीशको विधवा पत्नी, सन्तती वा धर्मपुत्र रहेनछन् र त्यस्तो मृत प्रधान न्यायाधीश वा न्यायाधीशको आश्रित आमा, बाबु दुवै वा दुई मध्ये एक रहेछन् भने निजहरुको गुजाराको निमित्त श्री ५ को सरकारले मनासिब देखेको अवधिसम्मको लागि विधवा पत्नीले पाउने पारिवारिक वृत्तिको अङ्कको दुई तिहाईमा नबढ्ने गरी मनासिब ठहरिन आएको दरले पारिवारिक वृत्ति प्रदान गर्न सक्नेछ ।

(५) मृत महिला प्रधान न्यायाधीश वा न्यायाधीशको विधुर पति वा सन्ततीको हकमा न्याय परिषद्को सिफारिशमा श्री ५ को सरकारले उचित र न्यायसंगत तरिकाबाट कारवाही गर्न सक्नेछ ।

(६) मृत प्रधान न्यायाधीश वा न्यायाधीशको विधवा पत्नी, सन्तती, धर्मपुत्र वा आमा बाबु कुनै रहेनछन् र निज प्रधान न्यायाधीश वा न्यायाधीशको आश्रित दाजु भाई वा अविवाहिता दिदी बहिनीहरु मध्ये कुनै रहेछन् भने निजहरुको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गुजाराको निमित्त श्री ५ को सरकारले मनासिव देखेको अवधिसम्मको लागि दामासाहिले विधवा पत्नीले पाउने पारिवारिक वृत्तिको अङ्कको दुई तिहाइमा नबढ्ने गरी मनासिव ठहरिन आएको रकम पारिवारिक वृत्ति प्रदान गर्न सक्नेछ ।

७घ. शैक्षिक भत्ता वा सन्तती वृत्ति : (१) प्रधान न्यायाधीश वा न्यायाधीशको पदीय कामको सिलसिलामा दुर्घटनामा परी मृत्यु भएमा वा सोही कारणले गर्दा आजीवन काम गर्न नसक्ने भएमा त्यस्तो मृत वा अशक्त प्रधान न्यायाधीश वा न्यायाधीशको प्रत्येक सन्ततीलाई अठार वर्षको उमेर नपुगुन्जेल नौसय रुपैयाँका दरले वार्षिक शैक्षिक भत्ता दिइनेछ ।

(२) पदीय कामको सिलसिलामा मृत्यु भएको प्रधान न्यायाधीश वा न्यायाधीशको प्रत्येक सन्ततीलाई (आमा बाबु दुवै जीवित नहुने) उपदफा (१) बमोजिमको शैक्षिक भत्ताको अतिरिक्त मासिक पचहत्तर रुपैयाँका दरले सन्तती वृत्ति समेत दिइनेछ ।

(३) उपदफा (२) बमोजिमको वृत्ति सम्बन्धित सन्ततीले एक्काइस वर्ष उमेर पूरा गरेको वा सरकारी सेवामा प्रवेश गरेकोमा जुन अगाडि हुन्छ सो मितिसम्म पाउनेछ ।

तर एक्काइस वर्षको उमेर पूरा नहुँदै विवाह गर्ने सन्ततीको हकमा विवाह भएको मिति उप्रान्त त्यस्तो सन्तती वृत्ति दिइने छैन।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "सन्तती" भन्नाले मृत वा अशक्त प्रधान न्यायाधीश वा न्यायाधीशको छोरा तथा छोरी सम्झनु पर्छ ।

(४) प्रधान न्यायाधीश वा न्यायाधीशको पदीय कामको सिलसिलामा मृत्यु भएमा वा निज आजीवन अशक्त भएमा निजले, निजको परिवार वा सन्ततीले पाउने वृत्ति वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपदानको सम्बन्धमा न्याय परिषद्ले श्री ५ को सरकार समक्ष सिफारिश गर्नेछ ।"

१४. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को, -

(१) उपदफा (२) मा रहेका "तीन दिन" भन्ने शब्दहरुको सट्टा "छ दिन" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएकोछ :-

"(३क) एकसय बीस दिन भन्दा बढी घंर बिदा सञ्चित हुने प्रधान न्यायाधीश वा न्यायाधीशले सो बढी घर बिदा मध्ये प्रत्येक वर्षको चैत्र मसान्तसम्म सञ्चित रहेको घर बिदा मध्ये बढीमा तीस दिन सम्मको घर बिदा बापत निजले खाई पाई आएको पारिश्रमिकको दरले हुन आउने रकम सोही आर्थिक वर्षको अन्त्य सम्ममा एकमुष्ट लिन सक्नेछ ।"

(३) उपदफा (७) मा रहेका "संवैधानिक पदमा वा" भन्ने शब्दहरुको सट्टा "संवैधानिक पदमा, पुनरावेदन अदालतको न्यायाधीश पदमा, क्षेत्रीय अदातलको न्यायाधीश पदमा वा" भन्ने शब्दहरु राखिएका छन् ।

१५. मूल ऐनको दफा ८क. मा संशोधन : मूल ऐनको दफा ८क. को, -

(१) उपदफा (१) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएकोछ :-

"(ङ) आफ्नो घर वा डेरा छाडी अर्को जिल्लामा वा विदेशमा गई औषधि उपचार गराउँदा त्यस्तो स्थानसम्म पुग्दाको र फर्कदाको बिरामीको र कुरुवा चाहिने अवस्था भए एकजना कुरुवा सम्मको यातायात खर्चको पूरै रकम र खाना खर्च बापत निजले पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (८) मा रहेका "संवैधानिक पदमा वा" भन्ने शब्दहरुको सट्टा "सवैधानिक पदमा, पुनरावेदन अदालतको न्यायाधीश पदमा, क्षेत्रीय अदालतको न्यायाधीश पदमा वा" भन्ने शब्दहरु राखिएका छन् ।

१६. मूल ऐनमा दफा ८ख. थप : मूल ऐनको दफा ८क. पछि देहायको दफा ८ख. थपिएकोछ :-

"८ख. दशैं खर्च पाउने : प्रधान न्यायाधीश वा न्यायाधीशले खाईपाई आएको एक महीनाको पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष दशैं खर्च बापत पाउनेछ ।"

१७ मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ मा रहेका "धारा ६९ (७)" भन्ने शब्दहरुको सट्टा "धारा ८७ को उपधारा (४)" भन्ने शब्दहरु राखिएका छन् ।

लालमोहर सदर मितिः- २०५०।७।४।४

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।